नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:-२२५

मिति:२०८१ / ०९ /२२

श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार,

श्री शहरी विकास मन्त्रालय, सिंहदरवार,

श्री जिल्ला समन्वय समितिको कार्यालय (सवै) ।

विषयः साविक जिल्ला विकास समितिका कर्मचारीहरुको सेवा निवृत्त सुविधा सम्वन्धमा।

प्रस्तुत विषयमा साविक जिल्ला विकास समितिका कर्मचारीहरु र कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ अनुसार अन्य सेवाका कर्मचारीहरुको सेवा निवृत्त सुविधा सम्बन्धमा नेपाल सरकार मन्त्रिरिषद्‌को मिति २०८१/९/९ को निर्णय तहाँ कार्यालय एवं गाउँ/नगरपालिकाको जानकारीको लागि मिति २०८१/९/१४ को पत्रमार्फत पठाई सकिएको छ ।सो सम्बन्धमा साविक जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई सेवा निवृत्त भएका कर्मचारीहरुको हकमा तपशिलमा उल्लिखित कागजात सहित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

क.साविक जिल्ला विकास समितिका कर्मचारीको हकमा:

१. स्थायी नियुक्ति पत्रको प्रमाणित छायाँ प्रति,
२. तह/स्तर वृद्धि पत्रको प्रमाणित छायाँ प्रति,
३. स्थानीय तहमा समायोजन भएको पत्रको छायाँ प्रति,
४. सेवा निवृत्त/अवकास पत्रको छायाँ प्रति,
५. साविक जिल्ला विकास समितिमा रहेको कर्मचारी कल्याण कोष र सोहि प्रकृतिका अन्य कोषमा रकम नभएको वा अपुग भएको विषयमा एकिन गरिएको सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको पत्र,
६. सेवा सुविधा बिदा औषधोपचार लगायत सेवा निवृत्त सुविधा रकम एकिन गरी तोकिएको ढाँचामा कागजात तयार गरी जिल्ला समन्वय समितिबाट प्रमाणित प्रति,
७. सेवा निवृत्त कर्मचारीको जिम्मामा कुनै पनि प्रकारको नगद वा जिन्सी नरहेको खुल्ने बरबुझारथ पत्र
८. मृत्यु भईसकेका सेवा निवृत्त कर्मचारीहरुको हकमा मृत्यु दर्ता प्रमाणपत्र र नजिकको हकदारको नाता प्रमाणीतको कागजात।

ख.अन्य सेवा (साविक जिल्ला विकास समिति बाहेक) का कर्मचारीको हकमा

१. बुँदा "क" मा उल्लिखित कागजात सहित भुक्तानीको लागि आवश्यक पर्ने रकम सम्बन्धित स्थानीय तहले एकिन गरी सम्वन्धित बिषयगत मन्त्रालयमा लेखि पठाउने,
२. सम्बन्धित स्थानीय तहबाट अनुरोध भई आएमा सम्बन्धित बिषयगत मन्त्रालयले कर्मचारी कल्याण कोष र सोही प्रकृतिका अन्य कोषमा रकम रहे नरहेको एवं त्यस्तो कोषमा रहेको मौज्दात रकम पर्याप्त भए नभएको एकिन गरी सम्बन्धित स्थानीय तहलाई लेखि पठाउने,
३. स्थानीय तहले भुक्तानीको लागि आवश्यक रकम एकिन गरी विषयगत मन्त्रालयमा लेखि पठाउने,
४. सम्बन्धित विषयगत मन्त्रालयले स्थानीय तहबाट प्राप्त कागजात एकिन गरि रकम समेत खुलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने।

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थ

श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्री गाउँपालिका/नगरपालिका (सबै):आवश्यक जानकारी तथा कार्यार्थ ।

श्री सूचना प्रविधि शाखा वेबसाईटमा अपलोड गरिदिनुहुन ।